# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः २७ मार्च २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- विधानसभा चुनाउ पुर्व निर्वाचन आयोगले पश्चिम बंगालमा व्यापक प्रशासनिक फेरबदल गर्दै 14 वटा विधानसभा सीटका रिटर्निंग अफिसरहरूलाई स्थानान्तरण गरिदिएको छ।
- केंद्रीय गृह मंत्री अमित शाह आज राती कोलकाता आईपुग्नुहुनेछ ।
- आज देशभरीमै श्रीराम नवमी महोत्सव भक्तिभाव अनि हर्सोल्लाशको साथ मनाइन्दै छ|
- सरकारले पेट्रोल र डिजेलमा उत्पादन शुल्क घटाउँदै डिजेल र उड्डयन टर्बाइन इन्धन (ATF) मा निर्यात शुल्क लगाएको छ।
- नेपालमा, बालेन्द्र शाहले आज नयाँ प्रधानमन्त्रीको रूपमा शपथ लिनु भयो ।प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रवार नेपालको प्रधानमन्त्रीको रूपमा शपथ लिएकोमा बालेन्द्र शाहलाई बधाई दिनु भएको छ ।
- मौसम विभागले पश्चिम बंगालका धेरै जिल्लाहरूमा आँधीबेहरी सितै वर्षाको चेतावनी जारी गरेको छ।

**प्रशासनिक फेरबदल**

विधानसभा चुनाउ पुर्व निर्वाचन आयोगले पश्चिम बंगालमा व्यापक प्रशासनिक फेरबदल गर्दै 14 वटा विधानसभा सीटका रिटर्निंग अफिसरहरूलाई स्थानान्तरण गरिदिएको छ। हिज राती आयोगको सूत्रले यस आशयको जानकारी दिएको हो। सूत्रअनुसार राज्यका नौ वटा जिल्लाहरूमा तैनाथ यी अधिकारीहरूलाई मात्र पाँच दिनभित्रमा आफ्नो पदबाट हटाईएको छ जबकि उनीहरुलाई गत सोमवार मात्र नियुक्त गरिएको थियो।आयोगको नयाँ अधिसूचना अनुसार रिक्त भएका पदहरूमध्ये नौ वटा पदमा नयाँ अधिकारीहरूलाई नियुक्त गरिएको छ। पूर्व मिदनापुर जिल्लामा सबैभन्दा अधिक फेरबदल देख्न पाइएको छ जहाँ पाँच वटा विधानसभा क्षेत्रका रिटर्निंग अफिसरहरूलाई परिवर्तन गरिएको छ। आयोगको सूत्र अनुसार रिटर्निंग अफिसरहरूलाई फेरबदल गरिएका क्षेत्रहरूमा जलपाईगडी, भरतपुर, बादुरिया, जगतबल्लभपुर, जादवपुर, मोयना, नन्दकुमार, पुरशुरा, कांथी दक्षिण, एगरा, खड़गपुर, दासपुर, हल्दिया औ सोनामुखी सामेल छन्। यस बाहेक हरिहरपाड़ा, करिमपुर, फाँसीदेवा, नन्दीग्राम, खानाकुल, केशियाड़ी, रायपुर-बिनपुर र बर्धमान दक्षिण सीटमा नयाँ रिटर्निंग अफिसर नियुक्त गरिएको छ।

**अमित शाह - कोलकाता**

केंद्रीय गृह मंत्री अमित शाह आज राती कोलकाता आईपुग्नुहुनेछ । भारतीय जनता पार्टी (भाजपा) को बयान अनुसार उहाले भोली अपरान्ह एक संवाददाता सम्मेलन गर्नुहुनेछ अनि सत्तारूढ़ तृणमूल कंग्रेस बिरुद्ध 14 बिंदुहरुको एक विस्तृत आरोप पत्र जारी गर्ने सम्भावना छ । पार्टी सूत्रहरु अनुसार, यो आरोप पत्र पश्चिम बंगालमा आगामी विधानसभा चुनाव भन्दा पुर्व एक महत्वपूर्ण राजनीतिक कदम सिद्ध हुन सक्छ ।यसको साथै यसले भाजपाको चुनावी घोषणा पत्र जारी गर्ने प्रक्रियालाई पनि मार्ग प्रशस्त गर्नेछ ।पार्टीका एक वरिष्ठ पदाधिकारीले बताए अनुसार यदि आरोप पत्रले तृणमूल कांग्रेस सरकारको कथित भ्रष्टाचार अनि कुप्रशासनलाई उजागर गरे चुनावी घोषणा पत्र यसको राजनीतिक जवाब हुनेछ । यी दुवै कदमहरुले सत्तारूढ़ सरकार बिरुद्ध पार्टीको हमला अझ तिब्र हुने संभावना छ ।पार्टी सूत्रहरु अनुसार चुनावी घोषणा पत्र केहि दिन पछि जारी गरिने सम्भावना छ तर यस बारे आधिकारिक तिथि अहिले घोषित भएको छैन । भाजपा का अनुसार, आरोप पत्रमा राजनीतिक हिंसा, भ्रष्टाचार, कानून व्यवस्थाको स्थिति, प्रशासनिक विफलता अनि लोकतांत्रिक संस्थाहरु माथि कथित हमला जस्ता मुद्दाहरुलाई प्रमुखताले उठाईने छ । यस

बाहेक महिलाहरुको सुरक्षा, उद्योगहरुको स्थिति, कृषि संकट, स्वास्थ्य सेवाहरुको चुनौति , शिक्षा क्षेत्रको समस्याहरु , चिया बागानका श्रमिकहरुको स्थिति अनि उत्तर बंगालको उपेक्षा जस्ता विषयहरु पनि यसमा सामेल गरिने संभावना छ।

**श्रीराम नवमी महोत्सव**

आज देशभरीमै श्रीराम नवमी महोत्सव भक्तिभाव अनि हर्सोल्लाशको साथ मनाइन्दै छ| यस अवसरमा श्रीराम नवमी महोत्सव समितिको बैनरमा आज सिलगडी सहित राज्यको बिभिन्न भागहरुमा भव्य शोभा यात्रा निकालीयो । सिलगडीको मल्लागडी हनुमान मंदिरबाट निकालिएको मंचको संचालन सुशील रामपुरियाले गर्नुभयो भने दर्शक दीर्घा सांसद राजू विष्ट, विधायक आनंद बर्मन, शंकर घोष, शिखा चटर्जी लगायत हजारौको संख्यामा रामभक्त उपस्थित थिए।

***शोभायात्रा जुलूसमा सामेल रामभक्तहरुको जय श्री रामको नाराले पूरा वातावरण मर्यादा पुरुषोत्तम भगवान श्री रामको जयकारले गुन्जयमान भएको थियो । जुलूसमा सामेल झांकिहरु सितै वानर सेनाको साथमा रामभक्त हनुमानको गदाको साथ नृत्य, जटायुको उड़ान, राम दरबार, शिवजीको बेग्ला-बेग्लै तांडवको रूप,अयोध्यामा बनेको राम मंदिरको स्वरूप, माता कालीको रौद्र रूप,राधा कृष्णको प्रेम लीला प्रदर्शित गर्ने झांकी , माता पार्वतीको सवारीको साथमा ब्रह्मकुमारी राजयोग गीता पाठशालाका ओम शांति केन्द्रको तर्फबाट भगवान शिव अनि राम दरबारको झांकिहरु आकर्षणको केन्द्र रह्यो । पर्यावरण बचाउको साथमा आरएसएस को 101औ वर्षको झांकीले मानिसहरुलाई मन्त्रमुग्ध बनाए । शोभायात्राको भव्य स्वागत कहीँ पुष्प वर्षा द्वारा त् कहीँ लड्डू वितरण गरेर गरियो ।***

**शोभा यात्रा- दार्जीलिङ**

आज दार्जीलिङ नगरपालिकाको तत्वधानमा राम नवमीको शोभा यात्रा आयोजन गरियो।शोभा यात्रा दार्जीलिङको ठाकुरबाडी मन्दिरबाट सुरु भई शहर परिक्रमा गर्दै चौरस्तामा पुगेको थियो। त्यहाँ स्थापित भगवान राम, सीता, लक्ष्मण तथा हनुमानका प्रतिमामा पूजा-अर्चना गरिनुका साथै भक्तजनलाई भोग वितरण गरिएको थियो।राम नवमीको शोभा यात्रा ठाकुर बाडी मन्दीरबाट शुरू भएर चौक बजार आई पुग्दा दार्जीलिङका केही मुस्लिम समुदायका युवाहरूले शोभा यात्रामा हिड्ने राम भक्तहरूलाई माथीबाट फूल छर्केर स्वागत जनाएको दृष्यले दार्जीलङको भाई चारा,प्रेम सदभावानाको उद्धारण कायम राखे। शोभा यात्रामा दार्जीलिङ नगरपालिकाका नगर पार्षदहरू,विभिन्न मन्दीरहरूबाट भक्त जन लगायत राम भक्तहरूको धेरै मात्रामा उपस्थिती रहेका थिए।

**राम नवमी महोत्सव-खर्साङ**

श्री राम नवमी महोत्सव समिति द्वारा राम नवमीको शुभ अवसरमा खर्साङको गिद्धे पहाडस्थित राम मन्दिरबाट आज बिहान निकालिएको धार्मिक शोभायात्रा अपराह्न लगभग ४ बजे दार्जीलिङ पुग्यो। यो शोभायात्रा खर्साङ–टुङ–सुनदाह हुँदै दार्जीलिङको रेल्वे स्टेशन हुँदै ठूलो ठाकुरबारी मन्दिर भएर महाकाल मन्दिर परिसर पुगेको थियो।

**विधानसभा चुनाव- महत्वपूर्ण बैठक**

आगामी विधानसभा चुनावलाई ध्यानमा राखेर आज जिल्ला प्रशासनको एउटा महत्वपूर्ण बैठक सम्पन्न भएको छ| सभामा चुनाव आयोगद्वारा दिइएको दिशा निर्देशलाई पालन गर्न सम्पुर्ण अधिकारी तथा कर्मचारीहरुलाई जनाइएको दार्जीलिङ जिल्ला अधिकारी हरिशंकर पानिकरले बताउनु भएको छ। चुनावलाई शान्तिपुर्ण, नियमपुर्ण रुपमा सन्चालन गर्न सबैलाई निर्देश दिइएको उहाँले अझ बताउनुभएको छ। कालेबुङका जिल्ला शासक तथा जिल्ला मुख्य निर्वाचन अधिकारी कुहूक भूषणले आज जिल्लामा चुनाव संबंधित एउटा महत्वपूर्ण बैठक संबंधित अधिकारीहरूलाई लिएर गर्नु भयो जसमा बिएलओहरू पनि सामेल थिए।यस बैठकमा कालेबुंग विधानसभा चुनाउ सम्बन्धी अपडेटहरू साझा गरियो। उहाँले चुनाव आयोगको दिशानिर्देशहरूबारे विस्तृत जानकारी गराउँदै भन्नु भयो.....

**(बाईट...कुहूक भूषण....)**

पश्चिम एसिया – दैनिक संक्षिप्त

सरकारले पेट्रोल र डिजेलमा उत्पादन शुल्क घटाउँदै डिजेल र उड्डयन टर्बाइन इन्धन (ATF) मा निर्यात शुल्क लगाएको छ।यस उपायले पश्चिम एसियामा संकटबाट उत्पन्न हुने विश्वव्यापी तेलको मूल्यमा भएको वृद्धिको प्रभावबाट उपभोक्ताहरूलाई पर्याप्त उपलब्धता सुनिश्चित गर्ने र जोगाउने लक्ष्य राखेको छ।पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी सहसचिव सुजाता शर्माले भारतमा हाल कच्चा तेलको पर्याप्त भण्डार रहेको बताउनु भयो। यी भण्डारहरूले आगामी दुई महिनासम्म आपूर्ति सुनिश्चित गर्नेछन् र LPG र PNG को उपलब्धता सन्तोषजनक रहनेछ। उहाँले उल्लेख गर्नु भयो रिफाइनरीहरू पूर्ण क्षमतामा - वा त्योभन्दा बाहिर पनि - सञ्चालनमा छन् जबकि घरेलु LPG उत्पादनमा लगभग ४० प्रतिशतले वृद्धि भएको छ। आयातमा निर्भरतालाई सम्बोधन गर्दै, उहाँले भन्नु भयो पहिले, लगभग ९० प्रतिशत LPG आपूर्तिहरू हर्मुजको जलडमरूमबाट हुने गर्दथ्यो; फलस्वरूप, सरकारले घरेलु उपभोक्ताहरूलाई प्राथमिकता दिने निर्णय गऱ्यो। सहसचिवले व्यावसायिक एलपीजीको आपूर्ति सुरुमा घटाइएको र पछि चरणबद्ध रूपमा पुनर्स्थापित गरिएको जानकारी दिनु भयो।उहंले अझ भन्नु भयो मार्च १४ देखि व्यावसायिक उपभोक्ताहरूलाई लगभग ३० लाख टन एलपीजी आपूर्ति गरिएको छ।

**नेपालका प्रधानमन्त्री**

नेपालमा, बालेन्द्र शाहले आज नयाँ प्रधानमन्त्रीको रूपमा शपथ लिनु भयो। राष्ट्रपति रामचन्द्र पौडेलले काठमाडौंको शीतल निवासमा उहाँलाई पद तथा गोपनीयताको शपथ गराए। उहाँसँगै मन्त्रिपरिषद्का नयाँ सदस्यहरूले पनि शपथ लिए।मन्त्रिपरिषद्का सदस्यहरूलाई पनि आ-आफ्नो कार्यभार तोकिएको छ। गृह मन्त्रालय सुदन गुरुङलाई सुम्पिएको छ। स्वर्णिम वाग्लेलाई वित्तमन्त्री नियुक्त गरिएको छ। विक्रम तिमसीनालाई सञ्चार तथा सूचना प्रविधिमन्त्री नियुक्त गरिएको छ। श्री शिशिर खनाललाई विदेश मन्त्री बनाइएको छ। खड्कराज पौडेललाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री नियुक्त गरिएको छ। श्रम तथा रोजगार मन्त्रालय दीपक साहलाई दिइएको छ। बिराजभक्त श्रेष्ठले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी सम्हाल्नेछन्। गीता चौधरीलाई कृषि तथा पशुधन विकास, साथै वन तथा पर्यावरण मन्त्री नियुक्त गरिएको छ। सस्मित पोखरेललाई शिक्षा, विज्ञान तथा प्रधौगिकी तथा खेलमन्त्री नियुक्त गरिएको छ।प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रवार नेपालको प्रधानमन्त्रीको रूपमा शपथ लिएकोमा बालेन्द्र शाहलाई बधाई दिनु भएको छ।सामाजिक सञ्जाल प्लेटफार्म एक्समा आफ्नो सन्देशमा श्री मोदीले भन्नु भयो बालेन्द्र शाहको नियुक्तिले नेपालका जनताले उहाँको नेतृत्वमा देखाएको विश्वासलाई प्रतिबिम्बित गर्दछ। उहाँले भन्नु भयो, उनी भारत र नेपाल बीचको मित्रता र सहयोगलाई नयाँ उचाइमा पुर्याउन शाहसँग नजिकबाट काम गर्न उत्सुक हुनु हुन्छ।श्री मोदीले दुई देशबीचको सम्बन्धलाई सुदृढ़ पार्नु दुवै देशका जनताको पारस्परिक हितमा रहेको कुरामा पनि जोड दिनु भयो|

**BGPM-अमर लामा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ विधानसभा क्षेत्रका प्रार्थी अमर लामाले आज यसपालिको विधानसभा चुनावमा आफ्नो जीत निश्चित रहेको दाबी गरेका छन्। उहाले मिरिकमा पार्टीको चुनावी कार्यलय उद्घाटन गरेपछि पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा आफूले हाल मिरिक महकुमा क्षेत्रको विभिन्न ठाउँहरूको भ्रमण गर्दै आइरहेको जहाँ आफ्नो पक्षमा जनसाधारण सकरात्मक रहेको बताए। उहाले भन्नुभयो -

**(बाईट...अमर लामा...)**

**अमित मालवीय-आरोप**

भारतीय जनता पार्टी (भाजपा) आईटी सेल प्रमुख अमित मालवीयले आज पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यानर्जीलाई "निरन्तर उत्तेजना" मार्फत हिंसा भड्काएको आरोप लगाएका छन् र निर्वाचन आयोगको हस्तक्षेपको माग गरेका छन्। पाण्डवेश्वरमा एक रयालीको क्रममा मुख्यमन्त्रीले आफ्ना कार्यकर्ताहरूलाई "घरमा भएका सबै चीजहरूलाई हतियारको रूपमा प्रयोग गरेर" विपक्षीहरूलाई कुचल्न आह्वान गरेको- मालवीयले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा एक पोस्टमा दाबी गर्नुभएको छ। उत्तर बंगालमा पहिला पनि यस्तै सन्देश दिइएको थियो भनि उहाले अझ बताउनुभयो। भाजपा नेताले आरोप लगाउनु भयो कि बासन्तीमा हिंसा त्येही कथित उत्तेजनापछि भएको थियो, जहाँ तृणमूल सम्बद्ध आक्रमणकारीहरूले चुनाउ प्रचार गरिरहेका भाजपा कार्यकर्ताहरूमाथि आक्रमण गरे।

**सशस्त्र पुलिस बल (CAPF)**

पश्चिम बंगाल विधानसभा चुनाव 2026 पुर्व चुनाव आयोगले केन्द्रीय बलको सम्बन्धमा कड़ा पाइला चलेको छ। चुनाव आयोगले पश्चिम बंगालमा चुनाव ड्यूटीबाट 7 जना केंद्रीय सशस्त्र पुलिस बल (CAPF) का जवानहरुलाई हटाएको छ। चुनाव आयोग अनि राज्य चुनाव आयोगका अधिकारिहरुले बताए अनुसार यी जवानहरु माथि मुर्शिदाबाद जिल्लामा चुनाव ड्यूटीको अवधि तय गरिएको दिशानिर्देशको उल्लंघन गर्दै एक इफ्तार पार्टीमा सामेल भएको आरोप छ।

**PIB तथ्य जाँच - लकडाउन**

सरकारले सामाजिक सञ्जालमा प्रसारित एउटा भिडियोको खण्डन गरेको छ जसमा प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रव्यापी लकडाउनको घोषणा गरेको दाबी गरिएको छ। भिडियोमा देशले सामना गरिरहेको ठूलो संकटका कारण मानिसहरू घरभित्रै बस्न बाध्य भएको दाबी गरिएको छ। पत्र सूचना कार्यालय (PIB) को तथ्य जाँच इकाईले यो दाबीलाई झुटो भनेको छ, प्रधानमन्त्री वा केन्द्र सरकारले त्यस्तो कुनै घोषणा नगरेको बताइएको छ।

**पश्चिम बंगाल: वर्षाको चेतावनी**

मौसम विभागले पश्चिम बंगालका धेरै जिल्लाहरूमा आँधीबेहरी र वर्षाको बारेमा चेतावनी जारी गरेको छ। पूर्वानुमान अनुसार, शुक्रबारदेखि दक्षिण र उत्तर बंगालका विभिन्न भागहरूमा तेज हावा, मेघगर्जन र छुट्टै असिना पर्ने सम्भावना छ - जसलाई स्थानीय रूपमा 'कालबैशाखी' भनिन्छ।मौसम विभागका अनुसार, दक्षिण बंगालका पाँच जिल्लाहरूमा शुक्रबार आँधीबेहरी र वर्षा हुन सक्छ, जसको साथमा ५० देखि ६० किलोमिटर प्रति घण्टाको गतिमा तेज हावा चल्नेछ। यी क्षेत्रहरूमा चट्याङ र असिना पर्ने सम्भावना पनि छ।उत्तर बंगालमा पनि मौसम बिग्रने अनुमान गरिएको छ। दार्जिलिङ र कालिम्पोङमा असिना पर्ने चेतावनी जारी गरिएको छ।

**********